# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
### Office of Rural Municipal Executive
कटहरी, मोरङ
Katahari, Morang

प.सं./Ltr. No.: ०८२/०८३
च.नं./Ref.No: 623

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल

मिति : २०८२/०७/१६

श्री वडा कार्यालय सबै,

कटहरी गाउँपालिका, मोरङ ।

विषय: उपभोक्ता विवरण संकलन सम्बन्धमा .

महोदय,

उपरोक्त सम्बन्धमा कटहरी गाउँपालिकाले हरित जलबायु कोष र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहकार्यमा स्वच्छ चुल्हो कार्यक्रम कार्यान्वयन गर्ने गरी सम्झौता गरेको व्यहोरा जानकारी गराउँदछु । उक्त कार्यक्रम अवधी ५ बर्षको रहनेछ र सोही कार्यक्रम अन्तरगत ३ ओटा खाना पकाउने प्रविधी (विधुतिय चुल्हो, तह ३ को फलामे सुधारिएको चुल्हो र ४ घ.मि को बायोग्याँस) को प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ । स्वच्छ चुल्हो कार्यक्रम कार्यान्वयन तथा उपभोक्ता सम्म अनुदान सहित सुपथ मुल्यमा उल्लेखित प्रविधिहरु पुर्याउनका लागि सम्बन्धित वडाहरुले उपभोक्ता विवरण ३५ दिन भित्र संकलन गर्नुहुन र विवरण संकलन गर्दा देहायको बमोजिमका नियम पालना गर्न अनुरोध छ ।

शर्तहरु:-

१. विधुतिय चुल्होको हकमा सम्बन्धित उपभोकताहरुको घरमा १५ Amp को मिटर जडान भएको हुनुपर्ने ।
२. बायोग्याँस जडानको निमित्त १/२ ओटा गाई वस्तु भएको हुनुपर्ने ।
३. उपभोक्ता विवरण संकलन गर्दा घरमुली महिला, एकल महिला, दलित, जनजाती, अपाङ्गता र न्युन आय स्रोत भएकाहरुलाई पहिलो प्राथमिकता दिनुपर्ने ।
४. उपभोक्ता विवरण संकलनको क्रममा एउटै घर परिवारमा दुई ओटा प्रविधी नपर्ने गरी माग संकलन गर्न अनुरोध छ ।

प्रविधिगत लागत साझेदारी विवरण

| क्र.स | प्रणाली | जलवायु कोष | वैकल्पिक प्रवर्द्धन केन्द्र | कटहरी गा.पा | उपभोक्ता |
|---|---|---|---|---|---|
| १ | विधुतिय चुल्हो | १०% | ४७.९७% | १९.०९% | २२.९% |
| २ | तह ३ को सुधारिएको चुल्हो | ४०% | ४०% | १५% | ५% |
| ३ | घरायसी बायोग्याँस | २८.३४% | ४८% | १०% | १३.६६% |

नोट: १) उपभोक्ताले व्यहोर्नु पर्ने कुल रकम बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको प्रविधि अनुरुप खुल्ने ठेक्का सम्झौता अनुसार प्रतिशतमा हुनेछ ।

२) उपभोक्ताले भर्नु पर्ने फारम यसै साथ संलग्न गरेका छौं।

२०८२/०७/१६

प्रमुख प्रशासकीय अधिकृत

शिक्षा कृषि उद्योग पूर्वाधार, समृद्ध कटहरीको मूल आधार

कटहरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कटहरी, मोरङ, कोशी प्रदेश, नेपाल, फोन नं.: ०२१-४०४१००
ईमेल: katahariaaunpalika@gmail.com, वेबसाइट: www.katahariniun.gov.np

CamScanner

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

जैविक ऊर्जा शाखा

हरित जलवायु कोष (GCF) को सहयोगमा संचालित स्वच्छ चुलो कार्यक्रम (CCS)

ताहाचल, काठमाडौं

## लाभग्राहीको माग संकलन फाराम (लागत साझेदारी प्रतिवद्धता सहित)

फारम नं :                                                  क्रम नं : [ ]

**१. लाभग्राहीको विवरण :**

ना.प्र.प.नं : ______                  आवेदन मिति : ______

लाभग्राहीको पुरा नाम, थर (नागरिकता अनुसार) : ______

स्थायी ठेगाना, प्रदेश : ______          जिल्ला : ______

स्थानीय तह : ______ वडा नं. : [ ]          फोन नं. : ______

घर परिवार सदस्य संख्या : [ ]

---

**२. प्रविधि छनौट**

कृपया तपाईंले माग गर्न चाहनु भएको स्वच्छ खाना पकाउने प्रविधि छनौट गर्नुहोस (कुनै एक विकल्पमा (✓) चिन्ह लगाउनुहोस)

[ ] घरायसी बायोग्याम प्लान्ट          [ ] विद्युतीय चुलो (ECS)          [ ] स्तर ३+ सुधारिएको चुलो (ICS)

---

**३. लागत साझेदारी प्रतिवद्धता [कुनै एकमा (✓) चिन्ह लगाउनुहोस]**

तपाईंले छनौट गर्नुभएको स्वच्छ खाना पकाउने प्रविधिमा निम्नानुसार लाभग्राहीबाट लागत साझेदारी आवश्यक भएको हुँदा, कृपया तपाईंको प्रतिवद्धता सुनिश्चित गर्नुहोस

**क. घरायसी बायोग्याम प्लान्टको (GGC २०४७ मोडल ४ घ. मि.) को लागत साझेदारी प्रतिशत :** [ ]

लाभग्राहीको योगदान : १३.६६%, स्थानीय तहको योगदान : १०% र AEPC र GCF को योगदान : ७६.३४%

म घरेलु बायोग्यास प्लान्ट जडान तथा निर्माणको लागि कुल लागतको १३.६६% लागत साझेदारी गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**ख. विद्युतीय चुलो (ECS) को लागत साझेदारी प्रतिशत :** [ ]

लाभग्राहीको योगदान : २२.९४%, स्थानीय तहको योगदान : १९.०९% र AEPC र GCF को योगदान : ५७.९७%

म विद्युतीय चुलो प्राप्तिका लागि कुल लागतको २२.९४% लागत साझेदारी गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**ग. सुधारिएको चुलो तह ३+ को (ICS Tier 3+) लागत साझेदारी प्रतिशत :** [ ]

लाभग्राहीको साझेदारी : ५%, स्थानीय तहको साझेदारी : १५% र AEPC र GCF को साझेदारी : ८०%

म सुधारिएको चुलो तह ३+ को प्राप्तिका लागि कुल लागतको ५% लागत साझेदारी गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**४. लाभग्राही सम्भाव्यता मापदण्ड :**

कृपया तपाईंले छनौट गर्नुभएको प्रविधिको लागि निम्न मापदण्डहरू पुरा गर्नु हुन्छ भने (✓) चिन्ह लगाउनुहोस हुन्न भने (X) चिन्ह लगाउनुहोस

**क. घरेलु बायोग्यास प्लान्ट (GGC २०४७ मोडल ४ घ. मि.) :** [ ]

मसँग बायोग्यास उत्पादनका लागि आवश्यक न्यूनतम संख्यामा गाईवस्तुहरू छन । [ ] संख्या [ ]

मसँग बायोग्यास प्लान्ट जडान तथा निर्माणको लागि पर्याप्त जमिन उपलब्ध छ । [ ]

म लाभग्राही लागत साझेदारी अन्तर्गतको रकम लगानी गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । [ ]

**ख. विद्युतीय चुलो (ECS) :**

मेरो घरमा भरपर्दो विद्युत आपूर्ति छ जसमा कम्तिमा १५-एम्पियर MCB जडान भएको छ । [ ]

यदि छैन भने, विद्युतीय चुलो जडान गर्नु अघि कम्तिमा १५ एम्पियरको MCB मा स्तरवृद्धि गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । [ ]

म लाभग्राही लागत साझेदारी अन्तर्गतको रकम लगानी गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । [ ]

**ग. सुधारिएको चुलो तह ३+ (ICS Tier 3+) :** [ ]

मसँग ठोस बायोमास (दाउरा) खाना पकाउनका लागि उपलब्ध छ वा म खरिद गर्न सक्छु । [ ]

म लाभग्राही लागत साझेदारी अन्तर्गतको रकम लगानी गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । [ ]

५. सामाजिक-आर्थिक जानकारी

कृपया तपाईंको आवेदनलाई प्राथमिकता दिन सहयोग गर्ने निम्न जानकारी प्रदान गर्नुहोस् :

क. महिला घरमुली भएको घर/परिवार : हो ☐ होइन ☐

ख. एकल महिला भएको घर/परिवार (पति बेपत्ता भएको/सम्बन्ध विच्छेद भएको/अविवाहित ३५ वर्ष वा सो भन्दा माथिको महिला) : ☐ हो ☐ होइन

ग. एकल महिला सदस्य भएको घर/परिवार (पतिको मृत्यु भएको): ☐ हो ☐ होइन

घ. आदिवासी वा सामाजिक रूपमा वञ्चित समूहमा पर्ने घर/परिवार : ☐ हो ☐ होइन

ङ. अपाङ्गता भएको व्यक्ति सदस्य भएको घर/परिवार : ☐ हो ☐ होइन

च. अन्य कमजोर समूह (कृपया उल्लेख गर्नुहोस्) : ____________________

६. तपाईले हाल खाना पकाउन प्रयोग गर्ने ऊर्जाका स्रोतहरू के-के हुन ? (✓) चिन्ह लगाउनुहोस्।

क. दाउरा ☐ ख. विद्युत ☐ ग. बायोग्यास ☐ घ. एल.पि. ग्यास ☐

ङ. गुईंठा ☐ च. कोइला ☐ छ. मट्टितेल/डिजेल ☐ ज. अन्य : __________

७. तपाईले हाल खाना पकाउन कुन चुलो प्रयोग गर्नु हुन्छ ? (✓) चिन्ह लगाउनुहोस्।

क. परम्परागत चुलो ☐ ख. सुधारिएको चुलो ☐ ग. पेलेट चुलो ☐ घ. एल.पि. ग्यास चुलो ☐

ङ इलेक्ट्रिक चुलो ☐ च. बायोग्यास चुलो ☐ छ. अन्य__________

८. लाभग्राहीको स्वःघोषणा :

म, हस्ताक्षरकर्ता निम्नलिखित घोषणा गर्दछु कि :

क. यस फारममा प्रदान गरिएको जानकारी सत्य र यथार्थ छ अन्य भएमा कानुन बमोजिम सहुँला/बुझुँला।

ख. म यस कार्यक्रमको लागत साझेदारी संरचनालाई बुझ्दछु र छनौट गरिएको स्वच्छ चुलो (CCS) कार्यक्रमको प्रविधिको लागि मेरो तर्फको आर्थिक लागत साझेदारी गर्न प्रतिवद्ध छु।

लाभग्राहीको हस्ताक्षर : ____________________

नाम : ____________________

मिति : ____________________

| दाँया ल्याप्चे | बाँया ल्याप्चे |
|---|---|
| | |

९. कार्यालय प्रयोजनको लागि मात्र :

स्थानीय तहको प्रतिनिधि :

नाम : ____________________

पद : ____________________

हस्ताक्षर : ____________________

कार्यालय छाप

मिति : ____________________

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका प्रतिनिधि :

नाम : ____________________ पद : ____________________

हस्ताक्षर : ____________________ मिति : ____________________

पुनश्च :

१. *यो फारम स्थानीय तह वा AEPC/CCS को परियोजना कार्यान्वयन कार्यालयमा बुझाउनु पर्नेछ।*

२. *आवेदन प्रक्रियामा लाभग्राहीले नागरिकता प्रमाणपत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपि समावेश गर्नु पर्नेछ।*

३. *सामाजिक-आर्थिक जोखिम भएका घरधुरीलाई प्राथमिकता दिइनेछ।*

तपाईले स्वच्छ, प्रभावकारी र जलवायु-अनुकूल खाना पकाउने समाधानको लागि चासो व्यक्त गर्नु भएकोमा धन्यवाद !!!

CS CamScanner


CS CamScanner

नेपाल सरकार

ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ताहाचल, काठमाडौं ।



"स्वच्छ चुलो, आधुनिक भान्छा"

CamScanner

| | |
|---|---|
| कार्यक्रमको नाम | स्वच्छ चुलो कार्यक्रम (CCS) |
| कार्यान्वयन गर्ने निकाय | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) |
| दातृ निकाय | हरित जलवायु कोष (GCF) |
| कार्यक्षेत्र | तराईका २२ जिल्लाका* २८४ मध्ये १५० स्थानीय तहहरु:- *झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, पर्सा, बारा, रौतहट, चितवन, नवलपरासी ब.सु. पूर्व, नवलपरासी ब.सु. पश्चिम, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर |
| प्रविधिहरु | विद्युतीय चुलो (ECS), तह ३+ (Tier 3+) स्तरको सुधारिएको चुलो (ICS) र ४ घ.मि. को घरायसी बायोग्यास (Domastic Biogas Plant) |
| उपभोक्ता | स्वच्छ चुलो प्रविधिमा पहुँच नभएका वा सिमित पहुँच भएका तराईका घरधुरीहरु |
| समयावधि | ५ वर्ष (२०८०/८१ देखि २०८५/८६ सम्म) |

## पृष्ठभुमि

स्वच्छ चुलो कार्यक्रम जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न र सबैभन्दा जोखिममा परेका समुदायको जलवायु परिवर्तनसँग अनुकूलन गर्ने क्षमतालाई वलियो बनाउन वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले हरित जलवायु कोषको आर्थिक सहयोगमा सञ्चालन ल्याएको कार्यक्रम हो।

यस कार्यक्रमले तराईमा खाना पकाउन प्रयोग भईरहेको परम्परागत ऊर्जा (गुईठा, दाउरा, कृषिजन्य अवशेष) तथा आयातित इन्धन (Fossil Fuel) को खपतलाई न्यूनीकरण गर्न आधुनिक तथा स्वच्छ चुलो (विद्युतीय चुलो, तह ३+ स्तरको को सुधारिएको चुलो र घरायसी बायोग्यास) को प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आ.व. २०८०/८१ देखि पाँच वर्षको लागि यस कार्यक्रम सञ्चालनमा ल्याएको छ, जस अन्तर्गत केन्द्र, हरित जलवायु कोष, स्थानीय तह र लाभग्राहीहरुको लागत साझेदारी रहने छ। यस कार्यक्रम अन्तर्गत तराईका २२ जिल्लाका २८४ मध्ये १५० स्थानीय तहहरुमा ५ लाख विद्युतीय चुलो, ४ लाख ९० हजार तह ३+ स्तरको को सुधारिएको चुलो र १० हजार घरायसी बायोग्यांस जडान गर्ने लक्ष्य रहेको छ।

## प्रविधिगत पञ्चवर्षिय जडान तथा वितरण लक्ष्य

| क्र.सं. | प्रणाली | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | विद्युतीय चुलो | ५०००० | १००००० | १३५००० | १३५००० | ८०००० | ५००००० |
| २. | तह ३+स्तर को सुधारिएको चुलो | ५०००० | १००००० | १३०००० | १३०००० | ८०००० | ४९०००० |
| ३. | घरायसी बायोग्यांस | २००० | २००० | २००० | २००० | २००० | १०००० |

## स्थानीय तह छनौटका आधारहरु :

कार्यक्रम कार्यान्वयन भएका तराईका २२ जिल्लाका २८४ वटा स्थानीय तह मध्ये १५० स्थानीय तहमा गर्नुपर्ने लक्ष्य भएकोले १५० भन्दा बढी आशयपत्र आएको खण्डमा देहाय बमोजिम प्राथमिकताको आधार लिईनेछ :

- **पहिलो प्राथमिकता** : तिनवटै प्रविधिहरु माग गर्ने गाउँपालिका र नगरपालिका
- **दोस्रो प्राथमिकता** : तिन मध्ये दुईवटा प्रविधि माग गर्ने गाउँपालिका र नगरपालिका
- **तेस्रो प्राथमिकता** : एउटा मात्र प्रविधि माग गर्ने गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका

तर १५० भन्दा कम माग आएको खण्डमा पनि सम्बन्धित स्थानीय तहले खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिलाई प्रवर्द्धन गर्ने कुरालाई प्राथमिकता राखेको र कार्यक्रममा सहभागीता एवं लागत साझेदारीका विषय कार्यपालिकाको निर्णय सहित आशय पत्र पेश गरेको हुनुपर्नेछ।

## लाभग्राही छनौटका आधारहरु :

लाभग्राही छनौटको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ। सो को लागि प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई (PPMU) ले सहयोग गर्नेछ। छनौटका आधारहरु देहाय बमोजिम रहेका छन्:

### १) प्राविधिक सम्भाव्यताका आधारहरु

- विद्युतीय चुलो जडानका लागि कम्तिमा १५ एम्पियर क्षमताको मिटर जडान भएको हुनुपर्ने वा सो नभएमा सम्बन्धित उपभोक्ताले स्तरोन्नती गर्ने प्रतिवद्धता गर्नुपर्ने,
- तह ३ + स्तरको सुधारिएको चुलो जडानका लागि दाउरा वा बायोमासको सहज तथा सुलभ उपलब्धता हुनुपर्ने,
- घरायसी बायोग्यास जडानका लागि घरमा कम्तिमा एउटा गाईवस्तु पालन भएको हुनुपर्ने।

### २) आर्थिक-सामाजिक आधारहरु

प्राविधिक सम्भाव्यता आधारहरु परिपूर्ति भए पछि देहाय बमोजिम आर्थिक-सामाजिक सूचकका आधारहरुमा लाभग्राहीको अन्तिम छनौट गरिनेछ।

- घरमुली महिला (Female headed) भएको परिवार
- एकल महिला (Single women) भएको परिवार
- आदिवासी/दलित/पिछडिएको वर्ग (Indigenous /Disadvantaged Group) मा पर्ने परिवार
- शारीरिक अशक्तता (Disability) भएको परिवार

## अपेक्षित उपलब्धिहरु :

- कम खर्चमा लक्षित वर्गका घरधुरीहरुमा स्वच्छ तथा आधुनिक चुलोको पहुँच पुगेको हुने,
- स्थानीय तहको स्वच्छ ऊर्जाका कार्यक्रम कार्यान्वयन क्षमता अभिवृद्धि भएको हुने,
- खाना पकाउने इन्धनको लागि लाग्ने खर्च तथा समयको बचत, रोजगारी सिर्जना, धुवाँजन्य रोग जोखिम न्यूनीकरण, कार्बन उत्सर्जनमा कमी जस्ता आर्थिक, सामाजिक तथा वातावरणीय सुधार भएको हुने,
- विद्युतीय चुलोको कारण स्वदेशी विद्युत खपतमा वृद्धी भई प्रतिव्यक्ति विद्युत खपत बढ्ने,
- आयातित तथा परम्परागत खाना पकाउने इन्धन माथिको निर्भरतामा कमी आउने।

CamScanner

## कार्यक्रम कार्यान्वयन क्षेत्र


तराईका २२ जिल्ला पूर्वमा झापा जिल्ला देखि सुदूरपश्चिमको कञ्चनपुर सम्मका २२ जिल्लाका २८४ स्थानीय तहहरु मध्ये १५० स्थानीय तहहरु छनौट गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। कार्यक्रम कार्यान्वयन हुने जिल्लाहरुलाई निम्नानुसार चार समूह (Cluster) मा विभाजन गरिएको छ :

**समूह १ :** झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सिरहा, सप्तरी

**समूह २ :** धनुषा, महोत्तरी, सर्लाही, पर्सा, बारा, रौतहट

**समूह ३ :** चितवन, नवलपरासी ब.सु. पूर्व, नवलपरासी ब.सु. पश्चिम, रुपन्देही, कपिलवस्तु

**समूह ४ :** दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर




## प्रविधिगत लागत साझेदारी विवरण :

यस कार्यक्रमको प्रविधि लागत सहभागिता निम्नानुसार हुनेछ :-

| क्र. सं. | प्रणाली | हरित जलवायु कोष | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | स्थानीय तह | उपभोक्ता |
|---|---|---|---|---|---|
| १ | विद्युतीय चुलो | १०% | ४७.९७% | १९.०९% | २२.९४% |
| २ | तह ३ + स्तरको सुधारिएको चुलो | ४०% | ४०% | १५% | ५% |
| ३ | घरायसी बायोग्यास | २८.३४% | ४८% | १०% | १३.६६% |

## कार्यक्रम कार्यान्वयनका चरणहरु

| चरणहरु | चरणहरु |
|---|---|
| स्थानीय तहबाट आशयपत्र माग | • राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन<br>• www.aepc.gov.np मा सूचना प्रकाशन |
| आशयपत्र मूल्यांकन | • वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र |
| स्थानीय तह छनौट तथा सम्झौता | • वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र सम्बन्धित स्थानीय तह |
| उपभोक्ता विवरण माग संकलन | • सम्बन्धित स्थानीय तह |
| लक्षित वर्गको उपभोक्ताको विवरण प्राथमिकीकरण | • वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र |
| प्रविधि जडान तथा आपूर्ति कर्ता छनौट | • वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र |
| प्रविधि जडान तथा हस्तान्तरण | • छनौट भएको निर्माण तथा आपूर्ति कम्पनी |
| अनुगमन तथा मूल्यांकन | • वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, सम्बन्धित स्थानीय तह र हरित जलवायु कोषले छनौट गरेको संस्था |

थप जानकारीका लागि सम्पर्क:
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
जैविक ऊर्जा शाखा
ताहाचल, काठमाडौं, फोन नं.: ०१-४५९८०१३, ४५९८०१४
इमेल : ccs@aepc.gov.np, वेबसाईट : www.aepc.gov.np

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ताहाचल, काठमाडौं।



"स्वच्छ चुलो, आधुनिक भान्छा"

CamScanner